

# सुशासन, विकास र समृद्धी; हुम्लाको आव्हान !
# २१ फागुन; सुर्य चिन्हमा मतदान !!



## प्रतिनिधि सभा निर्वाचन २०८२, नेपाल कम्यूनिष्ट पार्टी (एमाले) हुम्लाको

# प्रतिवद्धता-पत्र

**आदरणीय हुम्लावासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरु,**

आगामी २०८२ फागुन २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनका अवसरमा नेकपा (एमाले) हुम्ला यहाँहरुलाई हार्दिक अभिवादन व्यक्त गर्दछ । देशमा उत्पन्न विषेश परिस्थितीका कारण नियमित ढङ्गबाट नभई दुई वर्ष अगावै यो निर्वाचन हुन गैरेहको छ । यस निर्वाचन मार्फत राष्ट्रियताको रक्षा, लोकतन्त्रको सुदृढिकरण र घायल बनाइएको संविधानको रक्षा र आवश्यक संशोधन गनुपर्ने छ । साथै गौरवशाली इतिहास बोकेको संभावनाले भरिपूर्ण हाम्रो सुन्दर हुम्लाको सुशासन, विकास र समृद्धिका लागि रचनात्मक प्रयास गर्न आवश्यक छ । त्यसलाई साकार पार्न हाम्रो पार्टी नेकपा (एमाले)ले अघि सारेका उम्मेरदवारको बिजय अपरिहार्य छ । तसर्थ: आसन्न निर्वाचनमा यहाँहरुको अमूल्य मत, साथ, सहयोग र समर्थनको पूर्ण आशा र विश्वास हामीले गरेका छौं ।

**आगामी पाँच वर्ष, एमाले हुम्लाले गर्छ**: नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, लोकतन्त्रको सुदृढिकरण र घायल बनाइएको संविधानको रक्षा र आवश्यक संशोधन गर्न उचित पहलकदमी गरिने छ । न्यायप्रेमी हुम्लावासी आमाबुवा, दाजुभाई, दिदि बहिनीका आवाजलाई सिंहदरबार पुऱ्याउने छौं । सिंहदरबारले गर्ने हुम्लामैत्री नीतिगत निर्णयलाई हुम्लाका गाउँवस्तीमा पुऱ्याउने छौ, यो हाम्रो प्रतिवद्धता हो ।

**हुम्ला समृद्धीको आधार: सडक, सिंचाइ, कृषि र पूर्वाधार**: हुम्लावासीको जीवन मार्गको रुपमा रहेको कर्णाली करिडोर (उत्तर-दक्षिण लोकमार्ग)को हिल्सा-सुर्खेत सडक खण्डको स्तरोन्नती गर्दै मित्रराष्ट्र चीन र भारत जोड्ने अर्न्तराष्ट्रिय टु-लेन फाष्टट्र्याकको रुपमा विकास गर्न पहल गरिने छ । अन्तर जिल्ला सडकका रुपमा रहेको सलिसल्ला-गमगडी-रारा सडकको स्तरोन्नती गर्दै रणनीतिक पर्यटकीय सडकका रुपमा बिस्तार गर्न नीतिगत कदम चालिने छ । जिल्ला भित्रका सबै पालिकाका केन्द्र जोड्ने सडकको गुणस्तर वृद्धि गर्न पहल गर्दै कवाडी-खगालगाउँ जोड्ने सियालीपाखा सडक, लिमिलाप्चा जोड्ने सडक, खार्पु-तुवाखोला सडक, पिप्लाङ-टाँके सडक, सडकलाई रणनीतिक सडकको रुपमा विकास गर्न पहल गरिने छ । हुम्लामा सञ्चालन हुदै आएका सार्वजनिक यातायातलाई व्यवस्थित गरि नागरिकमैत्री बनाउन पहल गरिने छ । कृषियोग्य भूमिमा सिंचाइ सुविधाका लागि प्रयास गरिने छ । हुम्ला भित्र पाइने जडिबुटी, फलफूल तथा जैविक विविधताको संरक्षण, प्रशोधन, सर्म्बद्धन र बजारिकरणका लागि नीतिगत व्यवस्था सहितको पहल गरिनेछ । जिल्लामा फल्ने रैथाने बालीहरुको संरक्षण, उत्पादन, भण्डारण, स्तरिकरण, बजारिकरण र दुवानीमा विशेष अनुदानको नीतिगत व्यवस्थाका लागि पहल गरिनेछ ।

**विद्युतिकरण सहित उज्यालो हुम्ला** : हुम्ला जिल्लालाई यथासक्य राष्ट्रिय प्रशारण लाईनमा जोडि जिल्ला भित्रका सबै घरधुरीमा विद्युतिकरणको व्यवस्था गर्न हाम्रो जोडदार प्रयास रहने छ । जिल्ला भित्र विद्युत उत्पादन गर्ने/गरिरहेका साना, मझौंला तथा ठूला जलविद्युत परियोजनामा स्थानिय समुदायको अर्थपूर्ण स्वामित्व स्थापित गर्न नीतिगत पहल गरिनेछ ।

**गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवामा हुम्ली नागरिकको पहुँच**: जिल्लाका सम्पूर्ण बालबालिकालाई शिक्षाको अवसर सुनिश्चित गर्न आवश्यक पहल गर्ने छौ । विद्यालय शिक्षालाई गुणस्तरिय, नि:शुल्क र अनिवार्य गर्ने संवैधानिक व्यवस्थालाई कडाईकासाथ कार्यान्वय गर्न आवश्यक पहल गरिने छ । हुम्लामा प्राविधिक शिक्षा र शैक्षिक पर्यटनको विकासकालागि एआई, र माउण्टेन इकलोजि जस्ता नविनतम विषयहरुमा अध्ययन हुनेगरि माउण्टेन यूनिभर्सिटि अफ साईन्स एण्ड टेक्नोलोजि नामक विश्वविद्यालय स्थापनाकालागि पहल गरिने छ । उच्चशिक्षाका लागि जिल्लामा सञ्चालित तिनवटै क्याम्पसहरुको शैक्षिक गुणस्तर र भौतिक विकासमा जोड दिईने छ । जिल्लामा सञ्चालित स्वास्थ्य संस्थाहरुको गुणस्तर विकास गरि स्वास्थ्य सेवालाई हुम्ली नागरिकको सहज पहुँचमा पुऱ्याउने व्यवस्थाका लागि पहल गरिनेछ । जिल्लाका रणनीतिक ठाउँहरुमा विशेषज्ञ सेवा सहितका रणनीतिक अस्पतालको स्थापना गर्न पहल गरिने छ । जनस्वास्थ्य सेवा र आर्युवेदिक लगायत वैकल्पीक चिकित्सा प्रर्णालीलाई प्रर्वद्धन गर्ने व्यवस्थाकालागि पहल गरिने छ ।

**एमालेको जिम्मेवारी, मर्यादित श्रम र रोजगारी**: श्रमको सम्मान, मर्यादित काम, न्यायोचित ज्याला, सामाजिक सुरक्षाका लागि छिमेकी राष्ट्र चिनसंगको यारी नाकालाई थप व्यवस्थित गर्दै दुई पक्षिय श्रम संझौता गर्न नेपाल सरकार मार्फत नीतिगत पहल गरिनेछ । ताक्लाकोट लगायतका बजारहरुलाई श्रम गन्तव्यको रुपमा विकास गरिने छ ।

**सूचना प्रविधि** : सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोग बढाई हुम्ली नागरिकलाई सेवा प्रवाहमा सहज बनाउन पहल गरिने छ । सातवटै स्थानीय तहका केन्द्रमा यथासक्य ब्रोडब्याान्ड इन्टरनेट सुविधा पुऱ्याउन पहल गरिने छ ।

**यहाँहरुको अमूल्य मतदानको अपेक्षासहित धन्यवाद !**